नेपाल कृषि अनुसन्धान परिषद्
**राष्ट्रिय कृषि इन्जिनियरिङ्ग अनुसन्धान केन्द्र**
खुमलटार, ललितपुर

# तराई क्षेत्रका युवा उद्यमी कृषकहरुका लागी आवासीय कृषि यान्त्रिकरण तालिम को लागि निवेदन पेशगर्ने सम्बन्धि सूचना

प्रथमपटक प्रकाशित मिति : २०८२/८/७

यस केन्द्रबाट आ.ब. २०८२/८३ मा "**तराई क्षेत्रका युवा उद्यमी किसान र बेरोजगार युवाका लागि राष्ट्रिय स्तरको (७ दिने) आवासीय कृषि यान्त्रीकरण तालिम**" संचालन गर्ने कार्यक्रम रहेकाले तालिममा सहभागी हुन चाहने कृषकहरुले यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र यस केन्द्रमा वा केन्द्रको इमेल ठेगाना thenaerc@gmail.com मा आइपुग्ने गरि रितपूर्वक निवेदन पेस गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । निवेदन फारम www.narc.gov.np बाट डाउनलोड गर्न सकिनेछ। नेपालको तराई क्षेत्रमा पर्ने जिल्लाका समतल भू-भागमा कृषि व्यवसाय गर्ने/गर्न चाहने कृषक/ट्र्याक्टर चालक/ कृषि यन्त्र चालकलाई प्राथमिकता दिइने छ । उद्यमी किसान र बेरोजगार युवाका लागि आवासीय कृषि तालिम कार्यक्रम कार्यान्वयन निर्देशिका २०७५ बमोजिम छनौट भएका प्रशिक्षार्थीको नाम www.narc.gov.np वेबसाइटमा प्रकाशित गरिनेछ र तालिम फागुन महिनाको दोस्रो हप्तातिर तराई क्षेत्रमा रहेको नार्कको अनुसन्धान केन्द्रमा संचालन गरिने छ । बिस्तृत जानकारीको लागि यस केन्द्रको टेलिफोन न.०१-५४२१३०७ मा सम्पर्क राख्न सक्नुहुनेछ ।

*नोटः माथि उल्लेखित वेब साइट www.narc.gov.np बाट* ***आबेदन फारम*** *डाउनलोड गरेर प्रिन्ट गरि, राम्रोसंग फारम भरि,* ***स्थानीय निकायबाट सोहि आबेदन फारममा सिफारिश (सहि र छाप) गराई*** *अन्य कागजातहरु* ***(नागरिकताको प्रतिलिपि, सहकारी वा कृषक समुह बाट सिफारिश भएको भए सिफारिश पत्र, कृषि फर्म दर्ता प्रमाणपत्र/ ट्र्याक्टर चालक अनुमतिपत्र प्रतिलिपि)*** *लाई स्क्यान/फोटो खिचेर* ***thenaerc@gmail.com*** *इमेल ठेगानामा पठाउनुहोला। इमेल प्राप्त भएपछी १-२ दिन भित्र इमेल प्राप्त भयो भन्ने जवाफ आउछ, प्रतिक्षा गर्नुहोला। आवेदनहरुको मुल्यांकन गर्न "उधमी किसान र बेरोजगार युवाका लागि आवासीय कृषि तालिम कार्यक्रम कार्यन्वयन निर्देशिका २०७५" को अनुसूची १ मा तोकिएको छनौट आधार: लक्षित वर्ग, अनुभव र ट्र्याक्टर चालक अनुमतिपत्र लाइ आधार मानिनेछ। पहाडी र तराई दुवै क्षेत्रमा पालिका भएको जिल्लाको हकमा तराई क्षेत्रमा पर्ने पालिकालाइ योग्य मानिने छ। कृषि यान्त्रिकरण तालिम भन्नाले कृषि मेशिनरी (मकै रोप्ने, आलु रोप्ने/खन्ने मेशिन, कम्बाइन हार्भेस्टर, ट्राक्टर र ट्राक्टर संचालित मेशिन/उपकरण, पावर टिलर र कृषि इन्जिनियरिङ्ग प्रविधि संग सम्बन्धित प्रविधि/मेशिनको संचालन, मर्मत सम्भार, प्रयोगात्मक र सैदान्तिक ज्ञान सम्झनुहोला।*

नेपाल सरकार

नेपाल कृषि अनुसन्धान परिषद्

# राष्ट्रिय कृषि इन्जिनियरिङ्ग अनुसन्धान केन्द्र

खुमलटार, ललितपुर

## तराई क्षेत्रका युवा उद्यमी कृषकहरुका लागी आवासीय कृषि यान्त्रिकरण तालिमको आबेदन फारम

| | | |
|---|---|---|
| कृषकको नामः | उमेरः | लिङ्ग :महिला/पुरुष/अन्य |
| ठेगानाः .................. | मोवाइलः-<br>**Email address:** | |

शैक्षिक योग्यताः .............

<u>कृषि फर्म दर्ता गरेको भए</u>

कृषि फर्म/वर्कशप/भाडामा कृषि यन्त्र उपलब्ध गराउने सेन्टर नामः

दर्ता नम्बरः

<u>ट्रयाक्टर चालक भए</u>

ट्रयाक्टर चालक अनुमतिपत्र न. :

ब्यबसाय संचालनको अनुभवः

१. अनुभव अबधिः ....... बर्ष

२. भाडामा लगाउने गर्नुभएको कृषि यन्त्रहरु : ..............................

३. के बिषयमा तालिम लिन चाहनु भएको हो ?:

<u>बेरोजगार युवा भए</u>

कति अबधि देखि बेरोजगारः............. बर्ष

के गर्दै हुनुहुन्थ्योः कृषि/अध्ययन/अन्य..........

<u>बैदेसिक रोजगारीबाट फर्केको भए</u>

गएको देशको नामः ............. काम गरेको अबधिः .......... बर्ष ........... महिना

नेपाल फर्केको मितिः

सहकारी वा कृषक समुह बाट सिफारिश भएको वा नभएको : ...................

***संलग्न गर्नुपर्ने कागजातः*** *नागरिकताको प्रतिलिपि, सहकारी वा कृषक समुह बाट सिफारिश भएको भए सिफारिश पत्र, कृषि फर्म दर्ता प्रमाणपत्र/ ट्रयाक्टर चालक अनुमतिपत्र भएमा प्रतिलिपि*

***नोटः*** *१. ट्रयाक्टर चालक/ मेशिनरी सेवा प्रदायक र उधमी कृषक लाई प्राथमिकता दिइनेछ*

*२.नार्क/ यस केन्द्रबाट आवासीय तालिम लिइसकेका आबेदक लाई तालिममा सहभागी गराइने छैन*

............ ........................

निवेदकको दस्तखत     स्थानीय तह/कार्यालयको छाप     सिफारिस गर्नेको दस्तखत र पद

मिति